# सेन्दाई बहुसांस्कृतिक समाज बुलेटिन

## सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र अर्को स्थानमा सर्ने भएको छ

प्रश्न: कहिले सर्ने हो?

उत्तर: सर्ने कार्य फेब्रुअरी १० तारिक देखि सुरु हुनेछ। सार्ने प्रक्रिया फेब्रुअरी १६ सम्म चल्नेछ, र यस समय अवधिमा यहाँ बन्द हुनेछ। त्यसैले, हालको स्थानमा भैरहेको कामहरू फेब्रुअरी ९ तारिकमा समाप्त हुनेछ। र नयाँ ठाउँमा कामहरु चाँही फेब्रुअरी १७ तारिक बाट सुरु गरिनेछ।

| | |
|---|---|
| **हालको बहुसांस्कृतिक समाज केन्द्र खोलिने अन्तिम दिन** | **२०२५ फेब्रुअरी ९ तारिक (आइत)** |
| **बहुसांस्कृतिक समाज केन्द्र ठाउँ सर्ने ※** | **२०२५ फेब्रुअरी १० तारिक (सोम) देखि १६ तारिक (आइत)** |
| **नयाँ ठाउँमा बहुसांस्कृतिक समाज केन्द्र पुन: संचालन गरिने** | **२०२५ फेब्रुअरी १७ तारिक (सोम)** |

※यस अवधि भित्र कार्यालय बन्द रहनेछ। यदि बन्द अवधिमा तपाईंलाई परामर्श गर्नुपर्ने भयोभने, कृपया सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय संघ अन्तर्राष्ट्रिय मामिला विभाग (०२२-२६८-६२६०, kokusaika@sentia-sendai.jp) मा सम्पर्क गर्नुहोस। सामान्यता त्यहाँबाट जवाफ आउन यहाँ भन्दा अलि ढिलो पनि हुनसक्छ।



प्रश्न: नयाँ ठाउँ चाँही कहाँ हो?

उत्तर: ठेगाना चाँही,「मियागी प्रान्त सेन्दाई सिटि आओबा कु कोकुबुन्च्यो ३-६-१ सेन्दाई पार्क बिल्डिंग को पहिलो तल्ला」हो। नजिकैको स्टेशन, सबवे नाम्बोकु लाइन कोतोदाइ कोएन स्टेशन गुगल नक्शा https://maps.app.goo.gl/Jkq5RQ8G14W9oZ6C7?g_st=im

प्रश्न: खुल्ने समय चाँही कति बजेबाट हो?

उत्तर: खुल्ने समय भने पहिलेको जस्तै, बिहान ९:०० बजेदेखि बेलुका ५:०० बजे सम्म हो।

प्रश्न: फोन नम्बर र इमेल ठेगाना पनि परिवर्तन हुन्छ कि?

उत्तर: अहँ, परिवर्तन हुनेछैन। पहिलेको नै नम्बर हुनेछ, त्यसैले तपाईं ले त्यहि नम्बरमा फोन गरि परामर्श गर्न सक्नुहुन्छ।

प्रश्न: किन सर्ने अर्को ठाउँमा?

उत्तर: सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र अवस्थित सेन्दाई अन्तर्राष्ट्रिय केन्द्र को सम्मेलन कक्ष भएको भवन चाँही, २०२५ अप्रिल देखि पुनर्निर्माण हुने भएको हुँदा, त्यहाँ संचालन गर्न नसकिने कारणले अर्को स्थानमा सार्नु परेको हो।

प्रश्न: अन्य स्थानमा सारे पछि केहि परिवर्तन हुन्छ कि?

उत्तर: सूचना काउन्टर र गोपनीयताका साथ परामर्श लिन सकिने परामर्श कक्ष भएको हुँदा, पहिलेको जस्तै तपाईं यस केन्द्रमा आउनु भै परामर्श लिन सक्नुहुन्छ। साथै, हालसम्म गरिदै आएको विशेषज्ञिय परामर्श कार्यक्रम को विशेषज्ञिय परामर्श संस्थामा, सेन्दाई शहर उद्योग ब्यबसाय सहायता केन्द्र ASSISTA पनि थपिनेछ, व्यवसाय सुरु गर्न चाहानुहुने विदेशी नागरिकहरूले परामर्श लिन सक्नु हुने भएको छ। विशेषज्ञिय परामर्श कार्यक्रमको लागि बिस्तृत जानकारी पछाडीको पन्नामा हेर्नुहोस।



बाकीं अर्को पेजमा क्रमस→

6 वटा भाषाको जनसम्पर्क पत्रिका
नेपाली भाषा बाहेक अन्य, जापानिज／にほんご, अंग्रेजी／English, चिनियाँ／中文, कोरियन／한국어, भियतनामी／Tiếng Việt भाषाहरु छन। तपाइले यसलाई होमपेजबाट हेर्न सक्नुहुन्छ । साथै सेन्दाई बहुसांस्कृतिक समाज केन्द्रबाट पनि वितरित गरिदै आएको छ ।

# सेन्दाई बहुसांस्कृतिक समाज केन्द्रको इतिहास

**सेन्दाई अन्तर्राष्ट्रिय केन्द्र साँस्कृति आदानप्रदान कर्नर बाट सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र सम्म**




साँस्कृति आदानप्रदान कर्नरको प्रबेश द्वार






बहुसांस्कृतिक समाज केन्द्रको प्रवेश द्वार


१९९१ साल सेप्टेम्बर महिनामा सेन्दाई अन्तर्राष्ट्रिय केन्द्र खोलिएको थियो। सेन्दाई बहुसांस्कृतिक समाज केन्द्रको पूर्वपट्टि「साँस्कृति आदानप्रदान कर्नर」सेन्दाई अन्तर्राष्ट्रिय केन्द्रको पहिलो तल्लामा अवस्थित थियो। त्यसबेला खुल्ने समय बिहान ९:०० देखि बेलुकी ८:०० सम्म थियो।





यसको मतलब, नाम र खुल्ने समय परिवर्तन भए पनि, सेन्दाई अन्तर्राष्ट्रिय केन्द्रको पहिलो तल्लामा ३३ वर्षदेखि थियो हैन त?!

हो। विगत ३३ वर्षमा, यहाँ विभिन्न देशका मानिसहरूले धेरै परामर्श गर्न आउनुभयो। अहिलेसम्म, प्रत्क्षय रुपमा परामर्श, टेलिफोन, इमेल, फ्याक्स र कहिलेकाहीँ भिडियो कल र पत्र मार्फत पनि परामर्श गरिएको छ।



२०११ साल मार्च ११ तारिक पूर्वीजापान जापान महाभूकम्प आएको बेलामा,「साँस्कृति आदानप्रदान कर्नर」चाँही, सेन्दाई सिटि प्रकृतिक प्रकोप बहुभाषा सहायता केन्द्रको नाममा स्थापना भै, प्रकोपबाट प्रभावित विदेशी नागरिक र पर्यटकहरूलाई सहयोग प्रदान गर्थ्यो।



ए, ठूलो प्रकृतिक प्रकोप आएको बेलामा बहुसांस्कृतिक समाज केन्द्र चाँही प्रकृतिक प्रकोप बहभाषा सहायता केन्द्रको रुपमा बन्ने रहेछ है।

सेन्दाई सिटि प्राकृतिक प्रकोप बहुभाषा सहायता केन्द्र https://int.sentia-sendai.jp/saigai/

बिगतको यो ३३ वर्षको अवधिमा,「सेन्दाईको विश्वविद्यालयमा विदेशबाट अध्ययन गर्न आएको बेलामा सहयोग पाएको थिए」भन्ने मानिस,「विद्यार्थी कालमा यहाँ भएको कार्यक्रममा सहभागी भएको थिएँ」भन्ने मानिस,「धेरै पहिले म यहाँ काम गर्थे」भन्ने आदि इत्यादी मानिसहरु, समय सँगसँगै बहुसांस्कृतिक समाज केन्द्रमा फेरी घुम्न आउनुहुने पनि छन।

२०१९ साल जुन महिनामा, साँस्कृति आदानप्रदान कर्नर बाट「सेन्डाई बहुसांस्कृतिक समाज केन्द्र」को रुपमा नाम परिवर्तन गरि, खुल्ने समय पनि बिहान ९:०० बजे देखि बेलुका ५:०० बजे सम्ममा परिवर्तन भयो। सेन्दाईमा पनि पहिले भन्दा धेरै विदेशीनागरिकहरू को बसोबास पनि बढ्दो भएको हुँदा, विभिन्न संस्कृति भएका मानिसहरू सँगसँगै बस्न मद्दत गरिरहेका छौं।

२०२५ फेब्रुअरी १७ तारिक बाट नयाँ स्थानमा पुनसुरु गर्नेछौं। अबदेखि पनि, सेन्दाई सिटिमा बहुसांस्कृतिक समाज प्रवर्द्धन गर्न तपाईंहरु बाटको विभिन्न किसिमको परामर्शमा प्रतिक्रिया दिन हामी तत्पर रहनेछौं।

**नयाँ स्थान यस्तो ठाउँमा**

सेन्दाई सिटि नगरपालिका (सियाक्सो) र वडाकार्यालय, त्यसपछि कोतोदाइ पार्क यहाँबाट नजिकै भएको हुँदा, यदि तपाईं कुनै कामले यतातिर आउनुभएको बेलामा, बहुसांस्कृतिक समाज केन्द्र आउन सक्नुहुन्छ। अवश्य आउनु होला।



## सूचना ः यहाँबाट नयाँ स्थानमा सरेपछि पनि परिवर्तन नभै सेवालिन सकिने सुबिधाहरु

### 【सामुदायिक दोभाषे सहयोगी】

के तपाईंलाई आफ्नो बालबालिकाको विद्यालयमा शिक्षकहरूसँग छलफल गर्दा वा प्रशासनिक कार्यालयहरूमा कुराकानी गर्दा भाषा बुझ्न नसकि समस्या भएको छ?
यदि यस्तो अवस्था आएमा, सामुदायिक दोभाषे सहायता सेवाको उपयोग गर्नको लागि आवेदन दिनुहोस।

सेन्दाई शहर भित्रका सरकारी कार्यालयको काउन्टर वा नर्सरी स्कूलमा विद्यालयका विद्यार्थीले मात्र नभईकन सम्पूर्ण विदेशी नागरिकहरूले यो सेवा उपलब्ध गर्न आवेदन दिन सक्नुहुन्छ।

बिस्तृत जानकारीको लागि वेबसाइट मा हेर्नुहोला।

https://int.sentia-sendai.jp/com_support/n/




### 【दैनिक जीवनयापनको लागि उपयोगी हुने सामग्री वितरण】

सेन्दाई बहुसांस्कृतिक समाज केन्द्रले बहुभाषामा तयार परेको सामग्री (पम्प्लेट) आवश्यक पर्ने व्यक्तिलाई बितरण गर्दछ। उदाहरणका लागि, यस्ता सामग्रीहरू छन्। यदि तपाइँलाई चाहिन्छ भने, कृपया लिन आउनुहोला!

➢ सेन्दाई सहज जीवनयापनको लागिको सहयोगी पुस्तिका
https://int.sentia-sendai.jp/foreigner/n/

सेन्दाईमा बसोबास गर्नुहुने विदेशी नागरिकहरुको लागि, दैनिक जीवनयापनमा उपयोगी हुने जानकारीहरु संकलन गरेका छौं।
युक्रेनी र रसियन भाषामा भने वेबसाइटमा मात्र हेर्न सकिन्छ।

➢ फोहोरको स्रोत (पुन: प्रयोग गर्न मिल्ने वस्तु)
र फोहोर छुट्याउने र बाहिर फ्याक्ने तरिका
https://www.city.sendai.jp/haiki-shido/kurashi/machi/genryo/gomi/wakekata/documents/nepali.pdf

घरभित्र बाट निस्कने फोहोर बाहिर फ्याक्ने तरिकाको आधारभूत नियमको बारेमा संकलन गरिएको छ।
उदाहरणका लागि, फुटेको प्लेटहरू र स्प्रे क्यान कसरी फाल्ने भनेर थाहा पाउन सकिन्छ।

➢ जापानको प्राथमिक बिधालय ／ निम्न,माध्यामिक बिधालय
https://int.sentia-sendai.jp/n/life/child.html

विदेशबाट सेन्दाईमा आएर आफ्ना बालबालिकालाई प्राथमिक विद्यालय (निम्न,माध्यामिक बिधालय) मा भर्ना गर्न, अर्को बिधालयमा ल्याउन वा लैजान, चाहानु हुने अभिभावकहरूलाई जापानको विद्यालय जीवन को बारेमा व्याख्या गर्नेछौं।

## परामर्श कर्मी कर्नर 「सेन्दाई बहुसांस्कृतिक समाज केन्द्रमा कामको दौरान आफ्नो मनमा लागेका केही कुराहरु」

**यस कर्नरमा, हामीले त्यो अंकको विषयवस्तु अनुसार, परामर्शकर्मीहरूको अनुभव र विचार प्रस्तुत गर्नेछौं।**

जब म जापानमा आए त्यस बेलामा, म जापानी भाषा पर्याप्त बोल्न सक्ने थिइनँ। केहि समय पछि, मैले चिजानको साथीबाट अन्तर्राष्ट्रिय केन्द्र (साँस्कृतिक आदनप्रदान कर्नर) को बारेमा थाहा पाएँ, र आफूलाई परेका समस्याहरूको बारेमा त्यहाँ गई उनीहरूसँग परामर्श गर्न सकिन्छ भन्ने कुरापनि थाहा पाएँ। त्यसबेला, यो ठाउँलाई बहुसांस्कृतिक समाज केन्द्रको सट्टा अन्तर्राष्ट्रिय केन्द्र (साँस्कृतिक आदनप्रदान कर्नर) भनेर चिनिन्थ्यो। म आफुलाई एक्लो महसुस गरेको बेलामा जहिले पनि आउने भएको हुँदा, धेरै पटक यहाँ आए। त्यतिबेला यहाँ बहुभाषाहरुमा उपन्यास, पत्रपत्रिका र किताबहरू पनि थियो। अहिलेको जस्तो कुनैपनि जानकारी सजिलैसँग र छिटो प्राप्त गर्न सकिने थिइनँ, त्यसैले अन्तर्राष्ट्रिय केन्द्रमा गई त्यहाँको कर्मचारीहरु लाई सोधेर जानकारी प्राप्त गर्ने गर्थे। साथै, यहाँ बालबालिका खेलाउने कोठा पनि भएको हुँदा, बच्चाहरूलाई सँगै लिएर गई खेलाउने पनि गर्थे। अन्तर्राष्ट्रिय केन्द्रमा बच्चाहरुलाई खेल्न यति रमाइलो लाग्थ्यो कि बेलुका घर फर्किन पनि मान्दैन थिए र फर्किन पर्यो भनेर रुने गर्थे। मपनि यहाँ आउँदा, सबै पिडाहरु बिर्सेर, आनन्दको महसुश र आराम गर्ने ठाउँ भएको हुँदा, मेरो लागि, पनि बहुसांस्कृतिक समाज केन्द्र अपरिहार्य स्थान हो।

हाल म बहुसांस्कृतिक समाज केन्द्रमा परामर्श कर्मीको रूपमा काम गर्छु। शुरुसुरुमा मलाई काम राम्रोसँग गर्न नसक्ने पो हो कि भनेर धेरै चिन्तित लाग्थ्यो, मैले नबुझेको कुराहरु भएमा अन्य कर्मचारीहरूलाई सोध्ने र सल्लाह लिने गर्थे। अहिले मैले पनि यहाँ आउनु हुनेहरुको विभिन्न परामर्श सुन्न थाले, र परामर्श लिने व्यक्ति सन्तुष्ट भएर घर फर्किदा, मलाई पनि आनन्दको महसुस हुन्छ। पहिले मैले नबुझेका धेरै कुराहरू अहिले म आफै परामर्श कर्मी भएपछि सिक्न पाएँ। शनिबार, आइतबार र बिदाको दिनमा पनि परामर्श गर्नुपरेमा यहाँ खुल्ला हुनेहुँदा विदेशीहरूको लागि धेरै खुशीको कुरा हो। बहुसांस्कृतिक समाज केन्द्र अन्तर्राष्ट्रिय केन्द्रबाट अर्को स्थानमा सर्ने हुँदा मलाई दुःख लागेको भएता पनि म अन्तर्राष्ट्रिय केन्द्रलाई「धेरै धेरै धन्यवाद!」भन्न चाहन्छु।

(परामशि कमी B)

हरेक अंकमा प्रत्येक भाषा संस्करण सहित परामर्शकर्मी द्वारा 「परामर्शकर्मी कर्नर」 मा लेख्नेछन ।
बलगमा प्रत्येक भाषको जापानीज संस्करण पनि प्रकाशित गरेकोछौ । कृपया अवश्य हेर्नुहोला ।

# सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र

せんだいたぶんかきょうせい
## 仙台多文化共生センター

| | | |
|---|---|---|
| ठेगाना | 2025 फेब्रुअरी 9 तारिक सम्म | 〒980-0856 सेन्दाई सिटि आओबा कु आओबा यामा सेन्दाई इन्टरनेशनल सेन्टर सम्मेलन भवन पहिलो तला |
| | 2025 फेब्रुअरी 17 तारिक देखि | 〒980-0803 सेन्दाई सिटि आओबा कु कोकुबुनच्यो 3-6-1 सेन्दाई पार्क बिल्डिंगको पहिलो तल्ला |



खुल्ने समय　प्रत्येक दिन बिहान ९ बजे देखि बेलुका ५ बजे (वर्षको अन्त्य र नयाँ वर्षको बिदा, महिनाको १～२ दिनको बन्द दिन बाहेक)

फोन　(022) 265-2471

फ्याक्स　(022) 265-2472

इमेल　tabunka@sentia-sendai.jp

युआरएल　https://int.sentia-sendai.jp/n/exchange/

■ विदेशी भाषामा दिइने परामर्श

दैनिक जिबनमा आइपर्ने समस्या या कठिनाइहरुको बारेमा विदेशी भाषामा परामर्श लिन सक्नुहुनेछ । 「दोभाषे सहायता टेलीफोन」(022) 224-1919 मा फोन गर्नुहोला।

उपलब्ध भाषाहरु : जापानीज, अंग्रेजी, चिनियाँ, कोरियन, भियतनामी, नेपाली, तागालोग, थाई, पोर्चुगली, स्पेनिस, रसियन, इन्डोनेसियन, इटालियन, फ्रेन्च, जर्मनी, मलेसियन, खमेर, बर्मेली, मंगोलियन, सिंहला, हिन्दी, बंगाली र उर्दू भाषाहरु

## विदेशी नागरिकका लागिको विशेषज्ञिय परामर्श

वकिल या प्रशासनीक लेखनदास लगायतका विशेषज्ञ द्वारा हुने「विशेषज्ञिय परामर्श बैठक」नियमित रूपमा संचालित गर्दै आएका छौं।

सेन्दाईमा बसोबासको क्रममा कुनैपनि समस्या परेको खण्डमा, कृपया यहाँ सम्पर्क गर्नुहोला।

गोपनीयताको पालना गर्नेछौ। एकजना लाई 30 मिनेटको समय हुनेछ।

खुल्ने समय सबै, दिउँसो 1 बजे बाट बेलुका 4 बजे सम्म हुनेछ।

परामर्श बैठकको दिनमा होमपेज बाट पुष्टि गर्न सकिनेछ।

http://int.sentia-sendai.jp/n/exchange/consultation.html



प्रशासनिक लेखनदास　वकिल　श्रम मन्त्रालय　अध्यागमन बिभाग (इमिग्रेशन)　कर लेखनदास　सेन्दाई शहर उद्योग ब्यबसाय सहायता केन्द्र ASSISTA


सम्पादन•प्रकाशन : सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय संघ (SenTIA) अन्तर्राष्ट्रिय सम्बन्ध विभाग

सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र चाँही सेन्दाई सिटिबाट जिम्मेवारी पाएर, (जनहित) सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय एसोसिएसनले यसलाइ संचालन गर्ने गर्दछ ।

जनवरी 2025 मा प्रकाशित